वेवसाइट: www.uttargayamun.gov.r
इमेल: uttargayarm@gmail.com

उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)

# गाउँ कार्यपालिकाको कार्यालय

(Office of Rural Municipal Executive)

लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)

बागमती प्रदेश ,नेपाल(Bagmati Province , Nepal)

प.सं.२०७९/०८०

च.नं.(Ref. No.)

मिति :२०७९।०८।२६

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुन:स्थापना सम्बन्धि(सि.बि.आर.) सहयोग कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना !!!**

यस उत्तरगया गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय रसुवाको महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अर्न्तगत आ.व. २०७९।०८०को वार्षिक स्विकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुन:स्थापना( सि.बि.आर.)सहयोग कार्यक्रम संचालन गर्नका लागि तपसिलमा उल्लिखित मापदण्ड भित्र रहि अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ,संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस उत्तरगया गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय अर्न्तगतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा प्रस्ताव पेश गर्नुहुन सबैमा सूचना प्रकाशन गरिएको छ ।

**<u>इच्छुक संस्थाले पेश गर्ने आवश्यक कागजातहरु :</u>**

- जिल्ला प्रशासन कार्यालयमा दर्ता/नविकरणको प्रतिलिपि ।
- स्थायी लेखा नं.को प्रतिलिपि ।
- समाज कल्याण परिषदमा आवद्ध भएको प्रतिलिपि ।
- आ.व.०७८/०७९ को कर चुक्ताको प्रतिलिपि ।
- गत आ.व.को प्रगति प्रतिवेदन,लेखापरिक्षण प्रतिवेदन ।
- संस्थाको विधान,प्रशासनिक र आर्थिक नियमावली सहितको प्रतिवेदन

(उत्तरगया गाँउपालिका भित्रको संस्थालाई प्रमुख प्राथमिकता दिइने छ )

**<u>प्रस्ताव पेश गर्दा समावेश गर्नुपर्ने विषयहरु :</u>**

- अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक,सामाजिक एवं राजनैतिक सशक्तिकरण सम्बन्धि कार्यक्रम ।
- अपाङ्गता भएका व्यक्तिहरुको विद्यमान आर्थिक ,राजनैतिक एवं कानुनी अधिकार लगायत अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गर्न सक्ने सेवा,सुविधा,अवसरबारे जानकारी दिने,परामर्श दिने एवं सेवा र अवसर प्राप्त गर्न मद्दत गर्ने सम्बन्धि क्रियाकलाप ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सार्वजनिक विकास निर्माण तथा सार्वजनिक चासो र सरोकार राख्ने सम्बन्धि विषयहरुमा सहभागिता गर्न गराउन प्रोत्साहन गर्ने सम्बन्धि कार्यक्रम ।
- अपाङ्गता भएका नागरिक र आम नागरिकको अधिकार र राज्यप्रतिको कर्तव्यबोध गराउने सम्बन्धि चेतनामूलक कार्यक्रम ।
- अपाङ्गता भएका व्यक्तिको क्षमता विकास ,सिप विकास,नेतृत्व विकास गर्ने सम्बन्धि तालिम र अर्न्तक्रिया गोष्ठि संचालन सम्बन्धि कार्यक्रम ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई स्वाबलम्बी एंव स्वरोजगार बनाउने जस्ता आत्मनिर्भरता अभिवृद्धि गर्ने सम्बन्धि कार्यक्रम,
- अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धि तथ्याङ्क,सूचना एवं विवरणको संकलन र यस सम्बन्धि अध्ययन अनुसन्धानको कार्य ।
- अपाङ्गता भएका व्यक्तिहरुको पहिचान,परामर्श,पूर्व तयारी कक्षा संचालन,समाहित शिक्षा,विशेष शिक्षा,तालिम(रोजगार र व्यवसायीक तालिम)स्वास्थ्यपोचार सेवा,स्याहार र रेखदेख सेवा सम्बन्धि ।
- अपाङ्गता भएका व्यक्ति,परिवार,स्थानीय तहका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध,न्यूनिकरण,उपचारात्मक लगायत सचेतना सम्बन्धि तालिम,कार्यक्रम,गोष्ठि सभा,अर्न्तक्रिया संचालन गर्ने गराउने
- अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामाग्री उपलब्ध गराउने ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण एवं प्रवद्धन गर्ने अन्य क्रियाकलाप ।
- यस कार्यक्रमको उद्देश्य परिपूर्ति हुने किसिमका अन्य क्रियाकलापहरु ।

(पुनश्व :कुनै गैर कानुनी कार्यमा संलग्न भई कालो सूचिमा नपरेको हुनुपर्ने र संस्था छनोट गर्दा उल्लिखित कागजातहरुलाई नै आधार मानिने छ ।)

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत